**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

चिशंखुगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ३ संख्याः८ मितिः२०७७/१०/१३

**भाग-२**

**चिशंखुगढी गाउँपालिका**

चिशंखुगढी गाउँ कार्यपालिका कार्यालयको

**सूचना**

**चिशंखुगढी गाउँपालिकाको जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७**

# चिशंखुगढी गाउँपालिकाको जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

स्वीकृत मिति:२०७७/०९/१३

राजपत्रमा प्रकाशित मितिः २०७७/१०/१३

**<u>प्रस्तावनाः</u>**

नेपालको संविधानको धारा ४२ उपधारा (२) मा आर्थिक रुपले विपन्न तथा लोपन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वस्थ्य, आवास, रोजगार, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने व्यवस्था भएकोले दलित, विपन्न तथा सालवसाली रुपमा नेपाल सरकारले बजेट वक्तव्य मार्फत सम्बोधन गरी समेट्ने लोपोन्मुख र अति सीमान्तकृत जाति तथा समुदायका विपन्न वर्गहरुलाई आवासको व्यवस्थाको लागि चिशंखुगढी गाउँपालिकाको जनता आवास कार्यक्रमका लागि विनयोजित बजेट तथा कार्यक्रम एवं गाउँपालिका अन्तर्गत नेपाल सरकार तथा प्रदेश सरकारबाट जनता आवास कार्यक्रमका लागि वितियोजित बजेट तथा कार्यक्रमलाई कार्यान्वयन गर्न चिशंखुगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी चिशंखुगढी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद – १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "चिशंखुगढी गाउँपालिकाको जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७" रहेको छ।

(ख) यो कार्यविधि चिशंखुगढी गाउँ कार्यपालिकाले स्वीकृत गरी रापत्रमा प्रकाशन पश्चात प्रारम्भ हुनेछ।

**२. परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) चिशंखुगढी गाउँपालिका भन्नाले चिशंखुगढी गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(ख) "जनता आवास समन्वय समिति" भन्नाले दफा ११ को उपदफा (१) बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(ग) "जनता आवास कार्यक्रम कार्यान्वयन समिति" भन्नाले दफा १४ को उपदफा (१) बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(घ) "कार्यक्रम समन्वय इकाई" भन्नाले दफा १० को उपदफा (१) बमोजिमको कार्यक्रम समन्वय इकाई सम्झनु पर्छ ।

(ङ) "कार्यक्रम कार्यान्वयन इकाई" भन्नाले दफा १० को उपदफा (४) बमोजिमको कार्यक्रम कार्यान्वयन इकाई सम्झनु पर्छ ।

(च) "जनता आवास" भन्नाले स्वीकृत डिजाईन अनुसारको आवास इकाई सम्झनु पर्छ ।

(छ) "कार्यक्रम" भन्नाले जनता आवास कार्यक्रम सम्झनु पर्छ ।

(ज) "आवास इकाई" भन्नाले लाभग्राही घरधनीले पाउने घर सम्झनु पर्छ ।

(झ) "लाभग्राही" भन्नाले दफा ४ उपदफा (१) बमोजिम छनौट भएको लाभग्राही घरधनी सम्झनु पर्छ ।

(ञ) "लक्षित वर्ग" भन्नाले कार्यक्रम लागु हुने स्थानमा विगत देखि स्थायी रुपमा बसीबास गरेका राष्ट्रिय दलित आयोगको सूचीमा सूचिकृत भएका दलित, विपन्न तथा सालवसाली रुपमा नेपाल सरकार तथा प्रदेश सरकारले बजेट वक्तव्य मार्फत सम्बोधन गरी समेट्ने लोपोन्मुख र अति सीमान्तकृत जाति वा समुदायका विपन्न वर्गहरु सम्झनु पर्छ ।

(ट) "जनता आवास समन्वय समिति" भन्नाले दफा १४ को उपदफा (१) बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

## परिच्छेद –२

## लक्षित वर्गको परिचान र कार्यक्रम कार्यान्वयन स्थल

**३. लक्षित वर्गको परिचान:** लक्षित वर्गको पहिचान देहाय बमोजिमको आधारमा गरिने छ:-

(क) विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण ।

(ख) जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धी कागजात वा आफू विगत देखि सो स्थानमा बसोबास गरी आएको भन्ने वडाको सिफारिस ।

(ग) बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाण ।

(घ) लाभग्राही बसोबास गर्दै आएको घरको भौतिक अवस्था ।

(ङ) सम्बन्धित वडाले लक्षित वर्ग भित्र परेको भनी गरेको सिफारिस ।

(च) उपरोक्त अनुसारका लक्षित वर्गको पहिचानको लागि व्यवस्था भएको यस दफाको खण्ड क, ख, ग मध्ये कुनै एक मात्र आधारमा समेत लक्षित वर्गको पहिचान गर्न सकिने छ ।

**४. लाभग्राहीको छनौटको आधार:**

(१) सम्बन्धित वडाको सिफारिस (आवेदनका साथ)

(२) आर्थिक अवस्था कमजोर भएको भनी स्वघोषणा गरिएको पत्र ।

(३) बास्तविक लाभग्रही एकिन गर्नका लागि आवास इकाइ निर्माण स्थलको पाँच जना सम्मिलित स्थलगत सर्जमिन मुचुल्का ।

५. **कार्यक्रम कार्यान्वयन स्थलः**

(१) लाभग्राही परिवार बसोवास भएको स्थान वा बस्तीमा कार्यक्रम कार्यान्वयन गरिने छ।

(२) कार्यक्रम कार्यान्वयन स्थल पहिचान गर्दा लक्षित वर्गको घर यथास्थानमा पुनः निर्माण हुने गरी गरिने छ। तर प्राकृतिक प्रकोपको जोखिम रहेको, वन सीमा क्षेत्रमा परेको वा कुनै कारणबाट विवादित घडेरी भएको स्थानमा कार्यक्रम कार्यान्वयन गरिने छैन।

(३) गाउँपालिकाले आवश्यक जग्गा उपलव्ध गराई उक्त जग्गामा जनता आवास कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

## परिच्छेदः ३

## रकम तथा निर्माण सामाग्री सम्बन्धी

**६. रकम उपलव्ध गराउनेः**

(१) गाउँ कार्यपालिकाको कार्यालयले वडा तथा प्राविधिकको सिफारिसको आधारमा लाभग्राहीको खातामा रकम जम्मा गर्नेछ।

(२) लाभग्राहीले गाउँपालिकाको सिफारिसमा चिशंखुगढी गाउँपालिका स्थित कुमारी बैंक लिमिटेडमा खाता खोल्नु पर्ने पर्नेछ।

(३) उपदफा (२) बमोजिम खोलिने खाता गाउँपालिकाले तोकेको अधिकृत स्तरको कर्मचारी र लाभग्राहीको संयुक्त दस्तखतमा संचालन हुनेछ।

(४) गाउँपालिकाले संयुक्त खाता संचालनको लागि कर्मचारी तोक्दा आवास इकाई निर्माणको मूल्याङकन गरी बिलपास गर्ने कर्मचारीलाई तोक्न पाईने छैन।

(५) लाभग्राहीलाई रकम उपलव्ध गराउन गाउँपालिकाको कार्यालय र लाभग्राही विच अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(६) उपदफा(५) बमोजिमको सम्झौता भएपछि गाउँपालिकाले निर्माण सामाग्री उपलव्ध गराएको भए सो वापतको रकम कटाई बाँकी रकम प्राप्त गर्ने लाभग्राहीको बैंक खाता मार्फत उपलव्ध गराउने छ।

(७) गाउँपालिका र लाभग्राही वीचमा भएको सम्झौता बमोजिम प्राविधिक मुल्याङ्कनका आधारमा रकम प्राप्त गर्ने लाभग्राहीलाई कार्य प्रगति अनुसार बिल भरपाई प्राप्त भएको मितिले ३० दिन भित्रमा किस्तावन्दीमा रकम उपलव्ध गराउने छ।

(८) सम्झौता तथा खर्च सम्बन्धी सम्पूर्ण फाँटवारी राख्ने तथा लेखापरीक्षण गराउने जिम्मेवारी गाउँ कार्यपालिकाको कार्यालयको हुनेछ।

**७. निर्माण सम्पन्न भएको मानिने:** सम्झौता बमोजिमको शौचालय सहितको आवास इकाई निर्माण भएपछि मात्र आवास निर्माण कार्य सम्पन्न भएको मानिने छ।

**८. लागत सहभागिता योगदान र व्यवस्थापन:**

(१) लाभग्राहीले कुल अनुदानको १० प्रतिशत लागत सहभागिता वापत व्यहोर्नु पर्नेछ।

(२) उपदफा(१) बमोजिमको लागत सहभागिता श्रमदान, नगद वा निर्माण सामाग्री जुनसुकै हुन सक्नेछ।

(३) उपदफा(१) मा उल्लिखित लागत सहभागिता वापत लाभग्राहीले कम्तीमा सुलभ शौचालय स्तरको एउटा शैचालय अनिवार्य रुपमा निर्माण गर्नु पर्नेछ।

(४) उपदफा(३) बमोजिमको शौचालय निर्माणका लागि गाउँ कार्यपालिकाबाट प्राविधिक सहयोग उपलव्ध हुनेछ।

**९. निर्माण सामाग्री उपलव्ध गराउने:**

(१) आवास इकाई निर्माणका लागि आवश्यक पर्ने जस्तापाता, सिमेन्ट, कव्जा समेतका निर्माण सामाग्रीहरु प्राविधिक स्पेसिफिकेसनका आधारमा लाभग्राही आफैंले खरिद गर्नु पर्नेछ।

(२) उपदफा(१) बमोजिमका निर्माण समाग्रीहरु लाभग्राहीले खरिद गर्न नसकी गाउँ कार्यपालिकाको कार्यालयमा लिखित अनुरोध गरेमा गाउँ कार्यपालिकाले त्यस्ता सामाग्री उपलव्ध गराउनु पर्नेछ।

(३) लाभग्राहीले भुकम्प प्रतिरोधी प्रविधिको प्रयोग गरि आवास इकाई निर्माण गर्नु पर्नेछ।

(४) निर्माण सामाग्री परिवर्तन गर्दा थप रकम आवश्यक पर्ने भएमा सम्बन्धित लाभग्राहीले नै व्यहोर्नु पर्नेछ र कम रकम लाग्ने भएमा सोहि अनुसार मूल्याङ्कन गरि भुक्तानी गरिनेछ।

**१०.कार्यक्रम कार्यान्वयन गर्ने सम्वद्ध पक्षहरुको भूमिका:**

(१) कार्यक्रम कार्यान्वयनका लागि सहयोग पुर्याउन गाउँ कार्यपालिका कार्यालयको प्राविधिक शाखा प्रमुख तथा उक्त शाखा अन्तर्गतको १ जना प्राविधिक कर्मचारी रहने गरी एक कार्यक्रम समन्वय इकाई रहनेछ।

(२) कार्यक्रम समन्वय इकाईको काम देहाय बमोजिम हुनेछः-

(क) जनता आवास कार्यक्रमसँग सम्बन्धित केन्द्रीय एवं प्रादेशिक निकायसँग समन्वय गरी तोकिएको मापदण्डका आधारमा कार्यक्रम कार्यान्वयन गर्न समन्वय गर्ने,

(ख) आवास इकाईहरुको नक्सा तयार गर्ने तथा आवश्यकता अनुसार प्राविधिक सहयोग उपलव्ध गराउने।

(ग) कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने र भावी कार्यक्रमका लागि जनता आवास समन्वय समितिमा सिफारिस गर्ने,

(३) गाउँ कार्यपालिकाको कार्यालयले कार्यक्रमको प्रगतिका आधारमा बजेट निकासा दिने र निर्माण कार्यको प्रगति लिई जनता आवास समन्वय इकाइमा जानकारी गाराउनु पर्नेछ।

(४) गाउँ कार्यपालिका कार्यालयको योजना तथा प्राविधिक शाखामा कार्यक्रम कार्यान्वयन इकाई/शाखा रहनेछ।

(५) कार्यक्रम कार्यान्वयन इकाईको काम कर्तव्यहरु देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयन गरिने स्थलको अध्ययन गरी उपलव्ध अनुसार आवास इकाई निर्माण कार्य कार्यान्वयन गराउने।

(ख) आवास इकाई निर्माणका लागि प्राविधिक सहयोग उपलव्ध गराउने।

(ग) निर्माणाधीन आवास इकाईको अनुगमन, मूल्याङ्कन र आवश्यक समन्वय गर्ने।

(घ) कार्यक्रमको अध्यावधिक कार्यको मेजरमेन्ट बुक राखी सोका आधारमा भुक्तानीका लागि कार्यालय प्रमुख समक्ष सिफारिस गर्ने।

(ङ) कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी जनता आवास कार्यक्रम कार्यान्वयन समितिमा पेश गर्ने।

(च) कार्यक्रम सम्बन्धी जानकारी गराई लक्षित वर्ग/लाभग्राहीलाई परिचालन गर्ने।

## परिच्छेदः४

## समिति सम्बन्धी व्यवस्था

**११. जनता आवास समन्वय समितिः**

(१) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक व्यवस्था गर्न तथा कार्यक्रमको समन्वय र व्यवस्थापन गर्नका लागि चिशंखुगढी गाउँपालिकामा देहाय बमोजिम एक जनता आवास समन्वय समिति रहने छः-

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | -संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| (ग) गाउँ कार्यपालिकाको पूर्वाधार विकास समितिको संयोजक | -सदस्य |
| (घ) गाउँ कार्यपालिकाको विपद् व्यवस्थापन समितिको संयोजक | -सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य-सचिव |

**१२.जनता आवास समन्वय समितिको काम, कर्तव्य र अधिकारः**

चिशंखुगढी गाउँपालिकाको जनता आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीति, बजेट तर्जुमा तथा गाउँपालिका अन्तर्गतका वडामा कार्यान्वयन गरिने आवास संख्या निर्धारण गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयनको क्रममा गाउँ कार्यपालिकाको कार्यालयलाई आवश्यक निर्देशन दिने ।

(ग) हाल कायम रहेको प्रति आवास इकाई अनुदान फेरबदल गर्नु परेमा गाउँ कार्यपालिकाको सहमति लिई गर्न सक्ने छ ।

(घ) गाउँपालिका अन्तर्गत प्रत्येक वडाबाट लाभग्राही सूची सम्बन्धी जानकारी लिने ।

(ङ) कार्यक्रमको प्रगति समीक्षा गर्ने ।

(च) कार्यक्रम कार्यान्वयन सम्बन्धमा आवश्यक समन्वय गर्ने ।

(छ) बृद्ध, एकल महिला, अनाथ बालवालिका र अपांगता भएका लाभग्राहीले व्यहोर्नु पर्ने लागत सहभागिता रकम गाउँ कार्यपालिकाको निर्णयका आधारमा छुट दिने ।

(ज) कार्यक्रम लागू भएको स्थानमा आवश्यक पूर्वाधार विकासको लागि गाउँ कार्यपालिका मार्फत गाउँ सभामा पेश गर्ने ।

(झ) आवश्यकता अनुसार अनुगमन उप समिति गठन गरी कार्यक्रमको अनुगमन गर्ने, गराउने ।

(ञ) कार्यक्रमको कार्यान्वयनको क्रममा आई परेका बाधा अड्चन फुकाउने ।

**१३. बैठक सम्बन्धी कार्यविधिः**

(१) जनता आवास समन्वय समितिको वैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) जनता आवास समन्वय समितिले बैठकमा विज्ञ वा सम्बन्धित व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

**१४.जनता आवास कार्यक्रम कार्यान्वयन समितिः**

(१) कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन देहाय बमोजिम जनता आवास कार्यक्रम कार्यान्वयन समिति रहनेछः-

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) प्राविधिक शाखा प्रमुख -सदस्य

(ङ) योजना शाखा प्रमुख -सदस्य-सचिव

(२) समितिको संयोजकको अनुपस्थितिमा गाउँपालिकाको उपाध्यक्षले संयोजक भई कार्य गर्नेछ।

**१५. जनता आवास कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः**

चिशंखुगढी गाउँपालिकाको जनता आवास कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा ४ को आधारमा लाभग्राहीको छनौट गर्ने।

(ख) गाउँपालिकाका लक्षित वर्ग समेटी छनौट भएका लाभग्राहीहरुको सूची जानकारीका लागि जनता आवास समन्वय समितिमा पठाउने।

(ग) कार्यक्रम कार्यान्वयन गर्न गाउँ कार्यपालिका कार्यालय र लाभग्राहीलाई आवश्यक सहयोग तथा निर्देशन दिने।

(घ) कार्यक्रमको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्ने।

(ङ) कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या समाधान गर्ने।

(च) बृद्ध, एकल महिला, अनाथ बालवालिका र अपांगता भएका लाभग्राहीले व्यहोर्नु पर्ने लागत सहभागिता छुटका लागि लाभग्राहीबाट मनासिव कारण तथा प्रमाण सहित अनुरोध भई आएमा जनता आवास समन्वय समिति समक्ष सो रकम छुटका लागि सिफारिस गर्ने।

(छ) जनता आवास समन्वय समितिबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने, गराउने।

**१६. बैठक सञ्चालन सम्बन्धी कार्यविधिः**

(१) जनता आवास कार्यक्रम कार्यान्वयन समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(२) जनता आवास कार्यक्रम कार्यान्वयन समितिले आवश्यकता अनुसार बैठकमा विज्ञ तथा सम्बन्धित संस्थालाई आमन्त्रण गर्न सक्नेछ।

**१७. छनौट भएका लाभग्राहीहरुको काम, कर्तव्य र अधिकारः**

(क) गाउँपालिकाको कार्यालयबाट प्राप्त निर्देशन अनुरुप निर्माण कार्य गर्ने।

(ख) आवास निर्माणका लागि आवश्यक निर्माण सामाग्री प्राप्त गर्ने।

(ग) पूर्वाधार र आवास निर्माण गर्ने विषयमा आवश्यक समन्वय गर्ने।

(घ) गाउँपालिकाबाट रकम प्राप्त गर्ने।

(ङ) निर्माण कार्यको गुणस्तर कायम गर्ने।

(च) लाभग्राहीले व्यहोर्ने लागत सहभागिता बापत दफा ८ को उपदफा(३) बमोजिमको कार्य गर्ने ।

(छ)  गाउँपालिकाको कार्यालयको प्रत्यक्ष निर्देशनमा निर्माण कार्य व्यवस्थित ढंगले संचालन गर्ने ।

(ज) गाउँ कार्यपालिका कार्यालयको प्राविधिक शाखाले गरेको डिजाइन, नाप-नक्सा एवं प्राविधिक लागत अनुमानका आधारमा आवास इकाई निर्माण गर्ने ।

(झ) तोकिएको डिजाइन, नाप-नक्सा एवं प्राविधिक लागत अनुमान बमोजिम आवास इकाई निर्माण भए नभएको बारे जाँच  गर्न लगाई किस्ता भूक्तानीको लागि रकम माग गर्ने ।

## परिच्छेदः ५

## तालिम सम्बन्धी

**१८.तालिमको व्यवस्थाः**

(१) गाउँ कार्यपालिका कार्यालयले गाउँपालिका अन्तर्गतका वडाहरुमा आवास निर्माण प्रविधि सम्बन्धी तालिमको व्यवस्था गर्नु पर्नेछ ।

(२) गाउँ कार्यपालिका कार्यालयले आवास इकाई निर्माणमा संलग्न हुने जनशक्तिलाई तालिमको व्यवस्था गर्नेछ ।

(३) आवास इकाई निर्माण तालिममा लाभग्राहीहरुलाई प्राथमिकता दिइनेछ ।

(४) गाउँ कार्यपालिका कार्यालयले लाभग्राहीहरुलाई कार्यक्रम सम्बन्धमा सुसूचित गर्न अभिमुखिकरण तालिम संचालन गर्न सक्नेछ ।

## परिच्छेदः६

## विविध

१९. **निर्देशन पालना गर्नु पर्नेः**  जनता  आवास समन्वय समितिले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सम्वद्ध पक्षले पालना गर्नु पर्नेछ ।

२०. **विवादको समाधानः** कार्यक्रम कार्यान्वयन गराउने निकाय गाउँ कार्यपालिकाको कार्यालय र लाभग्राहीहरु वीच कुनै विवाद उत्पन्न भएमा जनता आवास समन्वय समिति मार्फत गाउँ कार्यपालिकाबाट दिईने निर्णय अन्तिम हुनेछ ।

२१. **फरफारक हुने**: कुनै लाभग्राहीले विशेष कारणवश निर्माण कार्य सम्पन्न गर्न नसकेमा निर्माण गरेको कार्यको मूल्याङ्कन गरी सोको खर्च जनता आवास समन्वय समितिको निर्णय बमोजिम फरफारक गर्न सकिनेछ।

२२. **बेच विखन गर्न नपाउने**: लाभग्राहीले आवास इकाई निर्माण सम्पन्न भएको मितिले पाँच बर्षसम्म वेचविखन गर्न पाउने छैन।

२३. **कारवाही हुने**: आवास कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुठ्ठा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

२४. **पूर्वाधार**: कार्यक्रम कार्यान्वयन हुने स्थानका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरु जस्तैः सडक, खानेपानी, ढल, खुल्ला क्षेत्र आदिको निर्माण कार्य समेत आवश्यकता अनुसार गर्न सकिनेछ।

**२५. अन्य निकायले सहयोग गर्ने**: स्थानीय सरकारको पूर्वाधार तथा अन्य सेवासँग सम्बद्ध पक्षले कार्यक्रम कार्यान्वयन भएका क्षेत्रमा सेवा तथा पूर्वाधार विस्तार तथा विकासका लागि सहयोग पुर्याउनु पर्नेछ।

२६. **सुविधा नपाउने**: यस कार्यविधि बमोजिम आवास इकाई प्राप्त गर्नेलाभग्राहीहरुले स्थानीय सरकारको अन्य कार्यक्रमबाट आवास सुविधा पाउने छैन।

**२७. फेरबदल गर्न सक्ने**: लाभग्राहीले स्वीकृत नमूना आवास डिजाइनमा गाउँ कार्यपालिका कार्यालयको सहमति लिई केही फेरवदल गरी निर्माण गर्न सक्नेछ।

तर कम क्षेत्रफलको आवास इकाई निर्माण गरेको भएमा सोही अनुपातमा खर्च घटाई अनुदान रकम उपलव्ध गराईने छ।

२८. **गैर सरकारी संस्थाको सहयोग लिन सक्ने**: कार्यक्रम कार्यान्वयनको लागि गैर सरकारी संस्थाबाट प्राविधिक सहयोग लिन सकिनेछ।

**२९.** गत विगत देखि नेपाल सरकार तथा प्रदेश सरकारबाट संचालन भई क्रमागत वा अधुरा रहेका आवास इकाईहरु सम्पन्न गर्न आवश्यक बजेट माग गर्ने एवं नेपाल सरकार तथा प्रदेश सरकारबाट बजेट विनियोजन नभएको खण्डमा उक्त क्रमागत/अधुरा रहेका आवास इकाईहरु सम्पन्न गर्न गाउँपालिकाले आवश्यक बजेट विनियोजन गर्न सक्नेछ।

**३०.अनुदान रकम**: चिशंखुगढी गाउँपालिका अन्तर्गतका लाभग्राहीहरुलाई प्रति आवास इकाई निर्माणका लागि रु ३ लाख (कन्टिनजेन्सी बाहेक) उपलव्ध गराइनेछ।

**३१. कन्टिनजेन्सी खर्चको व्यवस्था**: (१) कार्यक्रमको प्राविधिक व्यवस्थापन गर्न ३% सम्म कन्टिनजेन्सी वापत रकम छुट्याउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम कन्टिनजेन्सी खर्चको बाँडफाँड गर्दा कार्यक्रम संचालन, लागत इष्टिमेट, अनुगमन मूल्यांकन र अनुगमन, सुपरीवेक्षण, समीक्षा लगायत कार्यमा मात्र छुट्याउन सकिनेछ।

**३२.आवास इकाइ निर्माणको प्राविधिक पक्षः** चिशंखुगढी गाउँ कार्यपालिका कार्यालय अन्तर्गतको प्राविधिक शाखाले नेपाल सरकार एवं प्रदेश सरकारले जनता आवास कार्यक्रमका लागि तोकेको डिजाइन, प्राविधिक नर्म्स लाइ आधारमानी गाउँपालिका अन्तर्गतका लाभग्राहीहरुको भुकम्प प्रतिरोधी आवास इकाइको निर्माण गराउनु पर्नेछ।

**३३.कार्यक्रम कार्यान्वयन :** जनता आवास कार्यक्रम सँग सम्बन्धित आवास निर्माण कार्यक्रम अन्तर्गत नेपाल सरकार तथा प्रदेश सरकारको समपूरक अनुदानबाट कार्यान्वयन हुने जनता आवास कार्यक्रम यसै कार्यविधि बमोजिम संचालन गरिनेछ।

**३४. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएको विषयमा यस कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

३५**. बाधा अड्काउ फुकाउः** यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले कार्यविधिको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची-१

दफा ४ को उपदफा(१) सँग सम्बन्धित

लाभग्राही छनौटका आधारहरु

| क्र.स. | विवरण | दिइने अंक | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रतिव्यक्ति वर्गफिटमा | ३० भन्दा कमलाई-१०<br>३० देखि ६० सम्म-५<br>६० भन्दा बढी-० | |
| २ | हाल प्रयोगमा रहेको जग्गाको क्षेत्रफल, प्रतिव्यक्ति वर्गफिटमा | ६० भन्दा कमलाई-१०<br>६० देखि १०० सम्म-५<br>१०० भन्दा बढी-० | |
| ३ | घरभित्रको भुँई | माटो-१०<br>ईटा ढुंगा आदि-५<br>सिमेन्ट-० | |
| ४ | घरको गारो | बाँस चिरपट/कप्टेरो आदि वा त्यसमा पराल/स्याउलाको टाटी-१०<br>नमिलेको ढुंगाको गारो बाँस कप्टेरो भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक काँचो ईटामा माटोको जोर्नी-५<br>मिलेको ढुंगाको गारो तथा पाकेका ईटामा माटो/सिमेन्टका जोर्नी-० | |
| ५ | घरको छानो | फुस आसवेटस, स्याउला प्लाष्टिक आदि-१०<br>खपडा टायल टिन-५<br>ढलान, कर्कट पाता-० | |
| ६ | घर बस्तीमा साधारणतया १० घर रहेको वा नरहेको | भएको-१०<br>नभएको-० | |
| ७ | जग्गाको स्वामित्व | लालपुर्जा भएको वा गाउँव्लक(स्वामित्व पाउन सकिने) वा स्थानीय तहको सिफारिस(स्ववासी र विवाद रहित)-१०<br>नदी/ताल किनारमा बसोवासगरेको-० | |
| ८ | खेती योग्य जग्गा | अन्यन्त्र जग्गा नभएको-१०<br>अन्यत्र जग्गा भएको-० | |
| ९ | घरमूलीको हकमा | अति विपन्न, असहाय, असक्त वृद्धवृद्धा अनाथ बालवालिका, एकल महिला जस्ता घरमुली लाभग्राही भएका-१०<br>अन्य-० | |

## अनुसूची-२

### दफा ६ उपदफा (५) सँग सम्बन्धित

### गाउँपालिका कार्यालय तथा रकम प्राप्त गर्ने लाभग्राही बीच गरिने सम्झौताको ढाँचा

१. सम्झौता गर्ने पक्षहरु .................................. र .......................................

२. कार्यक्रम स्थलः जिल्ला................ गाउँपालिका................................वडा नं. .......

३. उद्देश्यः आवास निर्माण।

४. कुल लागतः.........................................(लाभग्राहीको सहभागिता बापतको अंश समेत)

५. प्रस्तावित निर्माण कार्य सम्पन्न हुने अवधिः

(क) शुरु हुने मिति............................

(ख) पुरा हुने मिति.............................

६. खर्च व्यहोर्ने श्रोत,

(क) कार्यक्रमबाट व्यहोरिनेः

(१) नगद रुपैया............

(२) निर्माण सामाग्री.......................................

(ख) लाभग्राहीबाट व्यहोरिने रकमः

(१) नगद रुपैया..................

(२) निर्माण सामाग्री(मुल्यमा)..................

(३) कूल रकमः ...................................

७. भुक्तानीको ढाँचाः

(क) लाभग्राहीलाई आवास निर्माण रकम जम्मा दुई किस्तामा उपलव्ध गराइने छ। आवास निर्माण सम्पन्न नभए सम्म गाउँपालिकाको कार्यालयबाट तोकेको कर्मचारीले निर्माण कार्यको रेखदेख तथा निर्माण कार्यको प्रगति समेत प्रमाणित गर्नेछ।

(ख) स्वीकृत डिजाइन, लागत ईष्टिमेटमा निर्माण स्थलको आवश्यकता अनुसार जग खन्ने कार्य, प्लीन्थ(डि पी सि) को काम, गारो लगाउने कार्य गर्न ६० प्रतिशत रकम पेश्की स्वरुप प्रथम किस्ता बापत उपलव्ध गराईनेछ।

(ग) छाना तथा झ्याल ढोका र शौचालय निर्माणको कार्य सम्पन्न भएपछि प्राविधिक मूल्याङ्कनको आधारमा कार्यसम्पन्न पश्चात बाँकी ४० प्रतिशत रकम लाभग्राहीको खातामा उपलव्ध गराईनेछ।

(घ) भुक्तानी दिंदा उपलव्ध गराइएको निर्माण सामाग्रीको रकम कट्टा गरी बाँकी रकम मात्र दिइनेछ।

८. सम्झौताका शर्तहरुः

(क) स्वीकृत नाम नक्शा अनुसारको आवास निर्माण गर्नु पर्नेछ।

(ख) लागत सहभागिता वापत कम्तिमा सुलभ शौचालय स्तरको एउटा शौचालय निर्माण गर्नु पर्नेछ।

(ग) निर्माणस्थल क्षेत्रमा रहेका संरचनाहरु भत्काउने र सो बापत लाग्ने खर्च लाभग्राहीले व्यहोर्नु पर्नेछ।

९. सम्झौताका पक्षहरुः

| गाउँपालिकाको तर्फबाट | लाभग्राहीको तर्फबाट |
|---|---|
| प्रतिनिधिः | नामः |
| ठेगानाः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मिति |
| साक्षीः | साक्षीः |
| श्री | श्री |